# प्रेस विज्ञप्ती

भ्रामक समाचारको भर्त्सना एवं गम्भीर ध्यानाकर्षण सम्बन्धमा

केही नेपाली सञ्चार माध्यमहरुले यस वैंकवाट आ.व. २०७४/७५ मा २० अर्व ४० करोड १५ लाख रुपैया गायव भएको भनी प्रकाशित गरेको भ्रामक, झुटो र तथ्यहिन समाचार प्रति यस बैंकको गम्भीर ध्यानाकर्षण भएको छ। बैंकले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा प्रचलित नेपाल कानून बमोजिम आफ्नो हिसाबकिताब राख्दै आएको, नियामकीय निकायलाई बैंकको अनुपालनाका विषयमा पूर्ण जानकारी भएको र बैंकका लेखापरीक्षण भएका वित्तीय विवरणहरु त्रैमासिक तथा वार्षिक रुपमा समेत सबैको जानकारीको लागि सार्वजनिक गर्ने गरिएको यथार्थ सबैमा जानकारी गराउँदै यस्ता भ्रामक समाचारहरुमा विश्वास नगर्न सम्वन्धित सबैमा हार्दिक अनुरोध छ।

नेपाल वैंक लिमिटेड वित्तीय रुपमा सुदृढ रहनुको साथै नियामक निकायको नीति तथा निर्देशनहरु पूर्ण पालनामा प्रतिवद्ध रहेको तथ्य श्री नेपाल सरकार, ग्राहकवर्ग, नियामक निकाय लगायत सम्पूर्ण सरोकारवालाहरुमा विश्वस्त पार्न चाहन्छौं।

२०८२/०२/२८ गते बुधबार

नेपाल बैंक लिमिटेड
प्रधान कार्यालय, धर्मपथ।